**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख २२ गते**
कोरोना भाइरसको रोकथाम र न्यूनीकरणको लागि गण्डकी प्रदेशको जिल्ला स्तरमा गरिएका प्रयासको बारेमा इन्सेक जिल्ला प्रतिनिधिहरूबाट वैशाख २२ गते प्राप्त भएका सूचनाहरूको आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरे**का अनुसार वैशाख २२ गते गण्डकी प्रदेशमा थप १२ जनाको स्वाब परीक्षणको लागि नमूना सङकलन गरिएको छ । प्रदेशमा हाल सम्म कुल ६ सय ४६ जनाको स्वाब परीक्षण गरिएको छ भने ६ सय ३४ जनाको परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । १० जनाको स्वाब परीक्षणको रिपोर्ट आउन बाँकी रहेको छ । गण्डकी प्रदेशमा वैशाख २२ गते सम्म कुल ६ हजार ७४ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार सिरानचोक गाउँपालिकाले गाउँपालिका स्तरीय कक्षा आठ को परीक्षाफल अनलाइन मार्फत प्रकाशन गरेको छ । घरमै बसेर विद्यार्थीले परीक्षाफल र उर्त्तिण भएको लेजर सिट समेत हेर्न पाउने गाउँपालिकाका अध्यक्ष राजु गुरुङले बताउनुभयो । त्यसका साथै गाउँपालिकाका विद्यालयहरूमा कक्षागत पालो लगाइ विद्यार्थी भर्ना गर्ने छलफल सुरू भएको गाउँपालिकाले जनाएको छ । गाउँपालिका र वडा कार्यालयसँग समन्वय गरी पाठयपुस्तक ढुवानी गरी उचित स्वास्थ्य सावधानी अपनाइ पाठयपुस्तक वितरण गर्ने र विद्यार्थीलाई पठन पाठनमा सहयोग पुग्ने गरी विभिन्न विधिको प्रयोग गर्ने गुरुङले बताउनुभयो ।
वैशाख २२ गते गोरखा अस्पतालमा दुई जनाको आरडीटी प्रविधि मार्फत कोरोना परीक्षण भएको र दुबै जनाको रिपोर्ट नेगेटिभ आएको अस्पतालले जनाएको छ । गोरखा अस्पतालमा मात्र हाल सम्म २ सय ४ जनाको आरडीटी प्रविधि बाट कोरोना परीक्षण भइसकेको र सबैको रिपोर्ट नेगेटिभ आएको अस्पतालका सूचना अधिकारी कृष्ण ढकालले बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार जिल्लाको मध्यबिन्दु नगरपालिका र हुप्सेकोट गाउँपालिकाले स्थानीय विपन्न परिवारलाई रोजगारी प्रदान गर्ने तयारी गरेका छन् । लकडाउनको कारण दैनिक गुजरामा समस्या परेका विपन्न परिवारलाई पहिलो चरणमा राहत वितरण गरेका स्थानीय तहले अब रोजगारी प्रदान गर्ने तयारी गरेका हुन । गाउँपालिकामा सञ्चालन भइरहेको विकास निर्माणको योजनामा अब स्थानीय विपन्न परिवारलाई रोजगारी दिने गरी विकास निर्माणका कार्य सुरू गरिएको हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मी पाण्डेले बताउनुभयो । राहत वितरण भन्दा पनि रोजगारी प्रदान समस्याको दिगो समाधान हुने र विपन्न परिवारलाई समेत आत्मसम्मान हुने मध्यबिन्दु नगरपालिकाका प्रमुख चन्द्रबहादुर रानाले बताउनुभयो । पहिलो चरणमा २ हजार १ सय ४४ परिवारलाई राहत वितरण गरेको नगरपालिकाले दोस्रो चरणमा राहत वितरण गर्ने योजना नभएको तर वास्तविक खान नै नपाएका विपन्न परिवार नगरपालिका आए उनीहरूलाई राहत उपलब्ध गराउने उहाँले बताउनुभयो ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सिर्जना पन्त**का अनुसार अन्तर्राष्ट्रिय कृष्ण भावनामृत सङघ (इस्कोन) ले मजदुर र विपन्नलाई पछिल्लो तीन हप्ता यता निःशुल्क भोजन खुवाउन थालेको छ । सङघले बागलुङ नगरपालिका लगायत स्थानीय प्रशासनसँगको समन्वयमा दैनिक सदरमुकामका १५ देखि २०

जनालाई  भोजन वितरणको काम गर्दै आएको हो । सङ्घले खाना सहित विपन्न र मजदुरलाई दिउँसोमा खाजा समेत दिने गरिएको छ । कोरोनाको जोखिमका कारण भोजनालयको व्यवसायिक सेवा भने बन्द छ । सङ्घले वैदिक सनातन धर्मको प्रवर्द्धनसँगै विभिन्न मानवीय सेवाका काम गर्दै आएको छ । मन्दिरका भक्त र शुभेच्छुकबाट प्राप्त सहयोगबाट भोजन वितरण लगायत राहत कार्यक्रम सञ्चालन भइरहेको सङ्घका प्रमुख दासले बताउनुभयो ।

धौलागिरी एकीकृत ग्रामीण स्रोत विकास केन्द्र (डिआईआरडिसी) बागलुङले प्रवासमा रहेका बागलुङेले पठाएको एक लाख ७२ हजार बराबरको स्वास्थ्य सुरक्षा सामग्री जिल्ला जनस्वास्थ्य कार्यालयलाई वैशाख २२ गते हस्तान्तरण गरेको छ । बागलुङमा कोरोना भाइरसको उच्च जोखिम रहेको भन्दै बागलुङ घर भएर विभिन्न देशमा बस्दै आउनुभएका नेपालीहरूले स्वास्थ्य सामग्री खरिद गरी पठाएका हुन् । सहयोग प्राप्त भएका ७० थान पीपीई गाउन, चार हजार थान सर्जिकल माक्स र १ सय ३० थान पन्जा मध्ये केही सामग्रीहरू स्वास्थ्य सामग्रीको अभाव भएका स्वास्थ्य चौकीहरूमा पठाइने स्वास्थ्य कार्यालय प्रमुख सुरज गुरौंले जानकारी दिनुभयो ।  जिल्लाको बरेङ गाउँपालिकाले देशमा जारी कोरोना सङ्कट र लकडाउनकै बीच विभिन्न योजनाका काम धमाधम अघि बढाइएको छ । गाउँपालिकाका अनुसार, हालसम्म ८५ प्रतिशत काम सकिसकेको छ । कामको तिव्रतालाई निरन्तरता दिने हो भने स्थानीय तहले आर्थिक वर्षको अन्तिम सम्ममा सबै योजना सम्पन्न गर्ने तयारीका साथ लागि रहेको गाउँपालिकालका प्रमुख प्रशासकीय अधिकृत रमेश थापाले बताउनुभयो । चैत मसान्तसम्ममा सबै योजना सक्ने लक्ष्य राखे पनि लकडाउनको कारण सम्पन्न गर्न नसकेको उहाँको भनाइ छ । उहाँले अहिले श्रमिकहरूका बीचमा सामाजिक दुरी कायम गरेर सडक बिस्तार लगायत विकासका पूर्वाधारका कामहरू भइरहेको जानकारी दिनुभयो ।

गलकोट नगरपालिका-११ रिघामा टोलटोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण सुरू भएको छ । शनिबार धारामन्दिर, वडा कार्यालय, सानो रिघा र फेंदिमा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको र आइतबार र मंगलबार साविक रिघा गाविसको वडा नम्बर ७, ८, ३ र ६ मा वितरण गरिएको वडा अध्यक्ष डम्बर बहादुर श्रीसले जानकारी दिनुयो ।  वडाका कर्मचारी, जनप्रतिनिधि सहितको टोलीले टोलटोलमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको हो । जेष्ठ नागरिक, एकल महिला, अपाङगता भएका र दलित पोषण अन्तरगत २ सय ९६ जनालाई २६ लाख बढि रकम वितरण गरिएको वडा अध्यक्ष श्रीसले बताउनुभएको छ ।

धौलागिरी अञ्चल अस्पतालमा केही दिन यता सामान्य समस्या लिएर अस्पताल आउनेहरूको सङ्ख्या बढ्न थालेको धौलागिरी अञ्चल अस्पताल बागलुङका सूचना अधिकारी तिर्थ गौतमले जानकारी दिनुभयो । उहाँले यसरी धेरै व्यक्तिहरूले भिडभाड गर्दा कोरोनाको सङ्क्रमणको जोखिम रहेको बताउनुभयो ।

उहाँले अस्पतालमा कोरोना सङ्क्रमितको उपचार गरिएको र लकडाउनका कारणले ओपीडी सेवा बन्द रहे पनि उपचारको लागि आउनेहरूलाई आकस्मिक सेवा मार्फत उपचार गरिरहेको जानकारी दिनुभयो । सरकारले लकडाउन घोषणा गरेसँगै धौलागिरी अञ्चल अस्पताल बागलुङले अति आवश्यक परे मात्र अस्पताल आउन र सामान्य सोधपुछको लागि घरबाटै सम्पर्क गर्न भन्दै डाक्टरहरूको सम्पर्क नम्बर समेत सार्वजनिक गरे पनि सामान्य सोधपुछको लागि समेत मानिसहरू आउन थालेपछि भिडभाड हुन थालेको धौलागिरी अञ्चल अस्पताल बागलुङका मेडिकल सुपरिटेण्डेण्ट डाक्टर शैलेन्द्र वि पोखे्रलले जानकारी दिनुभयो । उहाँले तत्कालको लागि बागलुङमा कोरोना सङ्क्रमणको भय हटे जस्तो देखिए पनि मानिसहरूको लापरवाहीको कारणले अवस्था नियन्त्रणभन्दा बाहिर पनि जान सक्ने बताउनुभयो । अस्पतालमा लकडाउन अवधि भर १ हजार ७७ जनाको उपचार गरिएको छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार पर्वतबाट दुई जना स्वास्थ्यकर्मीको स्वाब परीक्षणका लागि पोखरा पठाइएको छ । जिल्ला अस्पताल पर्वतका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. शिशिर देवकोटाले सङक्रमणको सामान्य लक्षण देखिएपछि वैशाख २२ गते जिल्ला अस्पताल पर्वतमा कार्यरत स्वास्थयकर्मीको स्वाब परीक्षणका लागि पठाइएको जानकारी दिनुभयो । कोरोनाको सङक्रमण फैलिने डरले जिल्ला प्रहरी कार्यालय पर्वतमा रहेको हिरासतमा थुनुवाहरू राखिएका छैनन् । सामान्य प्रकृतिका उजुरीमा हिरासतमा रहेका व्यक्तिहरूलाई नियमित हाजिरी जवानीमा हिरासत मुक्त गरिएको डिएसपी श्यामु अर्यालले जानकारी दिनुभयो । गम्भीर प्रकृतिका मुद्दाहरू नरहेकाले हिरासत खाली रहेको उहाँले जानकारी दिनुभयो । यस्तै जिल्ला प्रशासन कार्यालय पर्वतले वैशाख २२ गते एक विज्ञप्ति जारी गरी एक जिल्लाबाट अर्को जिल्लामा जानको लागि सवारी पासमा पूर्णरूपले रोक लगाइएको जानकारी दिएको छ ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला स्तरीय कोरोना नियन्त्रण समन्वय समितिका अध्यक्ष बद्रीनाथ अधिकारीको अध्यक्षतामा वैशाख २२ गते बसेको बैठकले स्वास्थ्य तथा जनसङख्या मन्त्रालयको प्रोटोकोल अनसार तनहुँ जिल्लाका स्थानीय तहमा रहेका क्वारेण्टाइन स्थलमा बसेका व्यक्तिहरूलाई आवश्यक परामर्श प्रदान गर्न तथा व्यवस्थापन गर्नको लागि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई खटाउने निर्णय गरेको छ ।

**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**